# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५९ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विदेशी विनिमय (नियमित गर्ने) (दोस्रो संशोधन) ऐन, २०५८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १ मा संशोधन : विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा १ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र नेपाल अधिराज्य बाहिर बसोबास गर्ने सबै नेपाली नागरिक तथा नेपाल अधिराज्यमा दर्ता भई नेपाल अधिराज्य बाहिर रहेका फर्म, कम्पनी, संस्था तथा त्यस्ता फर्म, कम्पनी वा संस्थाका शाखा कार्यालय तथा एजेन्सीहरु समेतलाई लागू हुनेछ ।"

३. मूल ऐनको दफा २ मा संशोधन : मूल ऐनको दफा २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) "मुद्रा" भन्नाले सबै किसिमको करेन्सी नोट, पोस्टल अर्डर, पोस्टल नोट, मनी अर्डर, चेक, ड्राफ्ट, ट्राभलर्स चेक, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, क्रेडिट कार्ड सम्झनु पर्छ र सो शब्दले बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य यस्तै प्रकारका मौद्रिक उपकरण समेतलाई जनाउँछ ।"

(२) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) "करेन्सी नोट" भन्नाले नगदको रुपमा चलन चल्तीमा रहेको बैङ्क नोट सम्झनु पर्छ र सो शब्दले सिक्का समेतलाई जनाउँछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६८८

(३) खण्ड (ख) र (ग) को सट्टा देहायका खण्ड (ख) र (ग) राखिएका छन् :-

"(ख) "विदेशी मुद्रा" भन्नाले नेपाली मुद्रा बाहेक अन्य मुद्रा सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट रकम झिक्ने विशेष अधिकार (स्पेशल ड्इङ्ग राइट्स), एशियन करेन्सी युनिट, युरोपियन करेन्सी युनिट तथा बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य उपकरण समेतलाई जनाउँछ ।

(ग) "नेपाली मुद्रा" भन्नाले नेपाली रुपैयाँमा अङ्कित मुद्रा सम्झनु पर्छ ।"

(४) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) "परिवर्त्य विदेशी मुद्रा" भन्नाले बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी परिवर्त्य विदेशी मुद्रा भनी तोकिदिएको विदेशी मुद्रा सम्झनु पर्छ ।"

(५) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) "विदेशी विनिमय" भन्नाले विदेशी मुद्रा, विदेशी मुद्रामा भुक्तानी हुने वा प्राप्त हुने सबै किसिमको निक्षेप, कर्जा, मौज्दात, विदेशी धितोपत्र र विदेशी मुद्रामा भुक्तानी हुने वा हुन सक्ने अन्तर्राष्ट्रिय प्रचलनमा रहेका चेक, ड्राफ्ट, ट्राभलर्स चेक, इलेक्ट्रोनिक फण्ड ट्रान्सफर, क्रेडिटकार्ड, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र सम्झनु पर्छ र सो शब्दले बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य जुनसुकै मौद्रिक उपकरण समेतलाई जनाउँछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) खण्ड (घ) पछि देहायका खण्ड (घ१) र (घ२) थपिएका छन् :-

"(घ१) "विदेशी विनिमय कारोबार" भन्नाले विदेशी विनिमय खरिद बिक्री गर्ने, ऋण लिने, दिने वा अन्य कुनै तरिकाले विदेशी विनिमय लिने, दिने कार्य सम्झनु पर्छ र सो शब्दले बैङ्कले विदेशी विनिमय सटही स्वीकृति दिने कार्य समेतलाई जनाउँछ ।

(घ२) "इजाजतपत्र" भन्नाले विदेशी विनिमय कारोबार गर्नका लागि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले दफा ३ बमोजिम बैङ्कबाट प्राप्त गरेको इजाजतपत्र सम्झनु पर्छ ।"

(७) खण्ड (ङ), (च) र (छ) को सट्टा देहायका खण्ड (ङ), (च) र (छ) राखिएका छन् :-

"(ङ) "इजाजतपत्र प्राप्त व्यक्ति" भन्नाले विदेशी विनिमय कारोबार गर्न दफा ३ बमोजिम बैङ्कबाट इजाजतपत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(च) "धितोपत्र" भन्नाले कुनै संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा प्रचलित कानून बमोजिम संगठित संस्थाले जारी गरेको एकाङ्क बचत कार्यक्रम वा समूहगत बचत कार्यक्रम सम्बन्धी प्रमाणपत्र वा हस्तान्तरण योग्य निक्षेप प्रमाणपत्र सम्झनु पर्छ र सो शब्दले श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको धितोपत्र वा धितोपत्रको धरौटी सम्बन्धी भर्पाई, धितोपत्र सम्बन्धी हक र अधिकार समेतलाई जनाउँछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

670

(छ) "विदेशी धितोपत्र" भन्नाले नेपाल अधिराज्य बाहेक अन्य कुनै मुलुकबाट निष्काशन वा जारी गरिएको धितोपत्र सम्झनु पर्छ।"

(८) खण्ड (छ) पछि देहायका खण्ड (छ१), (छ२) र (छ३) थपिएका छन् :-

"(छ१) "विदेशी लगानी" भन्नाले कुनै फर्म, कम्पनी वा संस्थामा विदेशी लगानीकर्ताले गरेको देहाय बमोजिमको लगानी सम्झनु पर्छ :-

(१) शेयरमा गरेको लगानी,

(२) निक्षेपमा गरेको लगानी,

(३) उपखण्ड (१) र (२) बमोजिमको लगानीबाट प्राप्त आयको पुनर्लगानी,

(४) ऋण वा ऋण सुविधाको रुपमा गरेको लगानी।

(छ२) "प्रविधि हस्तान्तरण" भन्नाले कुनै फर्म, कम्पनी वा संस्था र विदेशी लगानीकर्ताबीच देहायका कुराको सम्बन्धमा सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण सम्झनु पर्छ :-

(१) विदेशी उत्पत्तिको कुनै प्रविधि सम्बन्धी अधिकार, विशिष्टता, फर्मुला, प्रक्रिया, पेटेण्ट वा प्राविधिक ज्ञानको उपयोग गर्ने,

(२) विदेशी स्वामित्वको ट्रेडमार्क उपयोग गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

619

(३) वैदेशिक प्राविधिक सल्लाहकार, व्यवस्थापन तथा बजार सेवा उपलब्ध गर्ने ।

(छ३) "विदेशी लगानीकर्ता" भन्नाले विदेशी लगानी वा प्रविधि हस्तान्तरण गर्ने कुनै विदेशी व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ र सो शब्दले विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्था समेतलाई जनाउँछ ।"

(९) खण्ड (ढ) को,-

(१) उपखण्ड (१) मा रहेको "तोकिएको" भन्ने शब्दको सट्टा "बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपखण्ड (२) मा रहेको "तोकिएको" भन्ने शब्दको सट्टा "बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको" भन्ने शब्दहरु राखिएका छन् ।

४. मूल ऐनको दफा ३ मा संशोधन : मूल ऐनको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. विदेशी विनिमय कारोबार गर्न इजाजतपत्र लिनु पर्ने : (१) विदेशी विनिमय कारोबार गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बैङ्कबाट इजाजतपत्र लिनु पर्नेछ ।

(२) विदेशी विनिमय कारोबार गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्र लिनको लागि बैङ्कले तोकिदिएको विवरण सहित बैङ्क समक्ष दरखास्त दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त पर्न आएमा निर्धारित मापदण्डको आधारमा बैङ्कले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्र दिन सक्नेछ। यसरी बैङ्कले इजाजतपत्र दिंदा कारोबार गर्ने विदेशी विनिमयको किसिम, हद, कारोबार गर्न पाउने अवधि र अन्य आवश्यक शर्तहरु समेत तोकिदिन सक्नेछ।

(४) विदेशी विनिमय कारोबार नियमित तथा व्यवस्थित गर्ने सम्बन्धमा इजाजतपत्र प्राप्त व्यक्तिलाई बैङ्कले समय समयमा आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ। यस्तो आदेश वा निर्देशनको पालना गर्नु इजाजतपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

(५) इजाजतपत्र प्राप्त गर्न बैङ्कले तोकिदिए बमोजिम वार्षिक शुल्क र धरौटी बैङ्कमा बुझाउनु पर्नेछ। यसरी तोकिएको वार्षिक शुल्क वा धरौटी नबुझाउने इजाजतपत्र प्राप्त व्यक्तिको इजाजतपत्र बैङ्कले रद्द वा निलम्बन गर्न सक्नेछ।

(६) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले विदेशी विनिमय कारोबार गर्न पटके इजाजतपत्र माग गर्न आएमा बैङ्कले यसै दफाको अधीनमा रही त्यस्तो व्यक्तिलाई पटके इजाजतपत्र दिन सक्नेछ।"

५. मूल ऐनमा दफा ३क. र ३ख. थप : मूल ऐनको दफा ३ पछि देहायका दफा ३क. र ३ख. थपिएका छन् :-

"३क. बैंकले कारबाही गर्न सक्ने : (१) इजाजतपत्र प्राप्त व्यक्तिले बैङ्कले यस ऐन बमोजिम दिएको आदेश वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

692

निर्देशनको पालना नगरेमा बैङ्कले त्यस्तो इजाजतपत्र प्राप्त व्यक्तिलाई देहायका कुनै वा सबै कारबाही गर्न सक्नेछ :-

(क) नसिहत दिन,

(ख) विदेशी विनिमयको कुनै वा सबै कारोबारमा प्रतिबन्ध लगाउन,

(ग) बैङ्कमा रहेको नगद धरौटी जफत गर्न वा जमानतबाट असुल गर्न,

(घ) इजाजतपत्र निलम्बन वा रद्द गर्न ।

(२) उपदफा (१) बमोजिम बैङ्कले इजाजतपत्र प्राप्त व्यक्तिलाई कारबाही गर्दा निजलाई आफ्नो पक्षमा सफाई पेश गर्ने उचित अवसर प्रदान गर्नु पर्नेछ ।

३ख. विदेशी विनिमय कारोबार सम्वन्धी अन्य व्यवस्था : विदेशी विनिमय कारोबारको सम्वन्धमा यस ऐनमा व्यवस्था भएको बाहेक अन्य व्यवस्था बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम हुनेछ ।"

६. मूल ऐनको दफा ४ मा संशोधन : मूल ऐनको दफा ४ को,-

(१) दफा शिर्षकमा रहेका "विदेशी विनिमयमा कारोबार गर्नमा नियन्त्रण" भन्ने शब्दहरुको सट्टा "विदेशी विनिमय कारोबार गर्ने प्रक्रिया" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कसैले पनि बैङ्कको स्वीकृति नलिई इजाजतपत्र प्राप्त व्यक्तिसंग बाहेक अरु व्यक्तिसंग विदेशी विनिमय कारोबार गर्न हुँदैन ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. मूल ऐनको दफा ४क. मा संशोधन : मूल ऐनको दफा ४क. को सट्टा देहायको दफा ४क. राखिएको छ :-

"४क. नेपाली नागरिकले प्राप्त गरेको विदेशी विनिमय सम्बन्धी व्यवस्था : (१) नेपाली नागरिकले प्राप्त गरेको विदेशी विनिमयका सम्बन्धमा बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम हुनेछ ।

(२) नेपाली नागरिकले विदेशमा रहँदा बस्दाको अवधिसम्म आर्जन गरेको विदेशी विनिमय वा सो विदेशी विनिमयबाट गरेको लगानी नेपाल अधिराज्य फर्किसकेपछि पनि दफा ६ मा उल्लिखित अवस्थामा बाहेक त्यस्तो विदेशी विनिमय विदेशमै राख्न वा सोको लगानी विदेशमा नै गर्न चाहेमा सो कुराको जानकारी बैङ्कलाई दिई त्यस्तो विदेशी विनिमय विदेशमा राख्न वा सोको लगानी विदेशमा गर्न सक्नेछ ।"

८. मूल ऐनमा दफा ४ख. थप : मूल ऐनको दफा ४क. पछि देहायको दफा ४ख. थपिएको छ :-

"४ख. विदेशीलाई वस्तु बिक्री वा सेवा प्रदान गरे बापतको भुक्तानी : नेपाल अधिराज्यमा रहेका व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कुनै विदेशी व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई कुनै वस्तु बिक्री वा सेवा प्रदान गरे बापतको भुक्तानी लिंदा बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी अन्यथा व्यवस्था गरेकोमा बाहेक परिवर्त्य विदेशी मुद्रामा लिनु पर्नेछ ।"

९. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ :-

"५. केही मुद्रा र बुलियन निकासी वा पैठारी गर्नमा प्रतिबन्ध : (१) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बैङ्कबाट इजाजतपत्र नलिई कुनै खास



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

किसिमको नेपाली मुद्रा वा विदेशी मुद्रा नेपाल अधिराज्यको सबै वा कुनै खास इलाकाभित्र ल्याउन वा पठाउन नपाउने गरी श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गर्न सक्नेछ। त्यस्तो आदेश जारी गर्दा श्री ५ को सरकारले कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाका सम्बन्धमा वा कुनै खास किसिमको नेपाली मुद्रा वा विदेशी मुद्राको सम्बन्धमा त्यस्तो प्रतिबन्ध नलाग्ने गरी त्यस्तो आदेशमा तोकिदिन सक्नेछ।

(२) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बैङ्कबाट इजाजतपत्र नलिई नेपाली मुद्रा वा इजाजतपत्र प्राप्त व्यक्तिबाट प्राप्त गरेको बाहेक अरु विदेशी विनिमय नेपाल अधिराज्यको कुनै इलाकाबाट बाहिर लिएर जान वा पठाउन हुँदैन।

तर श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै विदेशी विनिमयको सम्बन्धमा त्यस्तो प्रतिवन्ध नलाग्ने गरी आदेश जारी गर्न सक्नेछ।"

१०. मूल ऐनको दफा ६ मा संशोधन : मूल ऐनको दफा ६ को उपदफा (१) मा रहेको "श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल अधिराज्य बाहिरका देहाय बमोजिमका प्रत्येक नेपाली नागरिक र देहाय बमोजिमको नेपाल अधिराज्यभित्रका प्रत्येक व्यक्तिलाई देहाय बमोजिम गर्ने आदेश दिन सक्नेछ" भन्ने वाक्यांशको सट्टा "श्री ५ को सरकारले मुलुकमा आर्थिक तथा मौद्रिक सङ्कट पर्न गई विदेशी विनिमयको सङ्कट पर्न गएको अवस्थामा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विदेशी विनिमयका धनी नेपाली नागरिकलाई आफ्नो स्वामित्वमा रहेको विदेशी विनिमय देहाय बमोजिम गर्न आदेश दिन सक्नेछ" भन्ने वाक्यांश राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ६९६८

११. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को उपदफा (१) मा रहेका "सामान्य वा विशेष" भन्ने शब्दहरु झिकिएका छन् ।

१२. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ :-

"८. पैठारीकर्ताको दायित्व : (१) विदेशी विनिमयमा भुक्तानी हुने गरी कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थाले नेपाल अधिराज्यभित्र प्रतीतपत्र खोली वा अन्य कुनै प्रकारले कुनै मालसामान पैठारी गर्दा बैङ्कले तोकिदिएको समय भित्र त्यस्तो मालसामानको पैठारी गरी बैङ्कले तोकिदिए बमोजिमको कागजात बैङ्क समक्ष पेश गर्नु पर्नेछ ।

(२) पैठारीको लागि भुक्तानी गर्ने विदेशी विनिमयको प्रकार र प्रक्रिया सम्बन्धी व्यवस्था बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम हुनेछ ।

(३) बैङ्कको पूर्व स्वीकृति लिएको अवस्थामा बाहेक पैठारीकर्ताले प्रतीतपत्रमा घोषणा गरेको मालसामान सोही प्रतीतपत्रमा उल्लेख गरेको मूल्य र परिमाण बमोजिम नै पैठारी गर्नु पर्नेछ ।

तर प्रतीतपत्रमा संशोधन गरिएको अवस्थामा संशोधित मूल्य र परिमाण बमोजिमको मालसामान पैठारी गर्न वाधा पर्ने छैन ।

(४) कुनै पैठारीकर्ताले वाणिज्य बैङ्कमा पैठारीको लागि प्रतीतपत्र खोल्दा अर्को कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्था जमानी बसेको वा सो सम्बन्धी कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले संलग्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको अवस्थामा उक्त कारोबारमा कुनै प्रकारले विदेशी मुद्राको हिनामिना वा अपचलन भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी मुद्रा हिनामिना वा अपचलन गरे बापत जमानी बस्ने वा सो सम्बन्धी कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले संलग्न हुने व्यक्ति, फर्म, कम्पनी वा संस्था उपर समेत यस ऐन बमोजिम सजाय हुनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ज्ञान तथा सूचनामूलक प्रविधिको पैठारी र सोको भुक्तानी गर्ने प्रक्रिया बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम हुनेछ ।

(६) पैठारीकर्ताले सही विजकीकरण गर्नु पर्नेछ । सो नहुने र नगर्ने जस्ता काम र सोसंग सम्बन्धित कुनै पनि काम गर्नु हुँदैन ।"

१३. मूल ऐनको दफा ९क. मा संशोधन : मूल ऐनको दफा ९क. को,-

(१) उपदफा (४) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर निकासीकर्ताले आफ्नो काबू बाहिरको परिस्थिति परी निकासी भएको मालसामानको भुक्तानी ल्याउन नसक्नाको मनासिब कारण खोली प्रमाण सहित बैङ्कमा निवेदन दिएमा बैङ्कले आवश्यक छानबिन गरी त्यस्तो मालसामान फिर्ता गर्न वा आंशिक वा पूरै भुक्तानी ल्याउन नपर्ने गरी छूट दिन सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छ :-

"(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ज्ञान तथा सूचनामूलक प्रविधिको निकासी र सोको भुक्तानी प्राप्त गर्ने प्रक्रिया बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम हुनेछ ।"

१४. मूल ऐनको दफा ९ख. मा संशोधन : मूल ऐनको दफा ९ख. को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) सही विजकीकरण नहुने काम वा त्यस्तो कामसंग सम्बन्धित अन्य कुनै काम गर्ने ।"

१५. मूल ऐनको दफा ९ग. मा संशोधन : मूल ऐनको दफा ९ग. को शुरुमा रहेका "बैङ्को स्वीकृति नलिई" भन्ने शब्दहरुको सट्टा "बैङ्कले तोकिदिएको व्यवस्था बमोजिम बाहेक" भन्ने शब्दहरु राखिएका छन् ।

१६. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को शुरुमा रहेका "बैङ्को सामान्य वा विशेष इजाजत नलिई" भन्ने शब्दहरुको सट्टा "बैङ्कले तोकिदिएको व्यवस्था बमोजिम बाहेक" भन्ने शब्दहरु राखिएका छन् ।

१७. मूल ऐनमा दफा १०क., १०ख. र १०ग. थप : मूल ऐनको दफा १० पछि देहायका दफा १०क., १०ख. र १०ग. थपिएका छन् :-

"१०क. लगानी गर्नमा प्रतिबन्ध : (१) प्रचलित कानून बमोजिम कुनै व्यक्तिले विदेशमा लगानी गर्दा वा विदेशी लगानीकर्ताले नेपाल अधिराज्यमा लगानी गर्दा बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर नेपाल अधिराज्यमा बसोबास गर्ने कुनै नेपाली नागरिकले विदेशमा रहँदा बस्दाको अवधिसम्म आफ्नो आर्जनबाट विदेशमा गरेको लगानीलाई यस दफाले वाधा पुऱ्याएको मानिने छैन ।

१०ख. विदेशी विनिमयमा ऋण लिने दिने व्यवस्था : प्रचलित कानूनले व्यवस्था गरेको र बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको व्यवस्था बमोजिम बाहेक कसैले पनि विदेशी विनिमयमा ऋण लिन दिन हुँदैन ।

१०ग. विदेशी विनिमय फिर्ता लैजाने, लगानी गर्ने र हक हस्तान्तरण गर्ने व्यवस्था : (१) प्रचलित कानून बमोजिम धितोपत्रमा लगानी गर्न स्वीकृति पाएका विदेशी लगानीकर्ताले बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको प्रक्रिया बमोजिम देहाय बमोजिमको रकम विदेशी मुद्रामा नेपाल अधिराज्य बाहिर लैजान वा पठाउन पाउने छन् :-

(क) धितोपत्रमा गरेको लगानी र सो बापत प्राप्त लाभ वा लाभांश,

(ख) ऋण वा ऋण सुविधाको रुपमा गरेको लगानी र सोको ब्याज ।

(२) नेपाल अधिराज्य बाहिर बसोबास गर्ने नेपाली नागरिकले नेपाल अधिराज्यभित्र विदेशी विनिमयमा लगानी गर्न स्वीकृति पाएमा उपदफा (१) बमोजिम सुविधा दिइनेछ ।

(३) उपदफा (१) को खण्ड (क) मा उल्लिखित धितोपत्रमध्ये सूचीकरण भएको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धितोपत्रको हकमा धितोपत्र विनिमय बजारमा कारोबार भए बमोजिमको मूल्यले हुने रकम र सूचीकरण नभएको धितोपत्रको हकमा बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको प्रक्रिया बमोजिम निर्धारण गरिएको सम्बन्धित संस्थाको सम्पत्तिको आधारमा विदेशी विनिमयमा लैजान वा पठाउन पाइनेछ।

(४) प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर वा शुल्क विदेशी मुद्रामा भुक्तानी गरेमा कुनै विदेशी व्यक्ति, फर्म, कम्पनी वा संस्थाले प्राप्त गरेको धितोपत्र कुनै अर्को विदेशी व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई प्रचलित कानूनको रित पुऱ्याई हक हस्तान्तरण गर्न सक्नेछ।

(५) प्रचलित कानून बमोजिम विदेशी लगानीकर्ताले गरेको प्रविधि हस्तान्तरण सम्झौतामा उल्लेख भए बमोजिम प्राविधिक शुल्क, रोयल्टी आदि बापतको रकम विदेशमा लैजान वा पठाउन पाउनेछ।

(६) नेपाल अधिराज्यमा कार्यरत इजाजतपत्र प्राप्त विदेशी वायु सेवा, निजका एजेण्ट वा त्यस्तो कार्य गर्न अधिकृत गरिएका नेपाली व्यक्ति, फर्म, कम्पनी वा संस्थाले नेपालमा बिक्री गरेका हवाई टिकट तथा कार्गो बापतको रिप्याट्रिएशन लैजाने वा पठाउने प्रक्रियाका सम्बन्धमा बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम हुनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाली मुद्रामा लगानी गरी विदेशी मुद्रा आर्जन नगर्ने व्यक्ति, फर्म, कम्पनी वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संस्थाले यस दफा बमोजिम विदेशी मुद्रामा भुक्तानी लिन दिन पाउने छैन ।"

१८. मूल ऐनको दफा ११ मा संशोधन : मूल ऐनको दफा ११ को उपदफा (१) झिकिएको छ ।

१९. मूल ऐनको दफा १४ मा संशोधन : मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छ :-

"१४. निरीक्षण : (१) श्री ५ को सरकार वा बैङ्कले जुनसुकै समयमा कुनै इजाजतपत्र प्राप्त व्यक्तिको खाता, हिसाब किताब र अरु लिखतहरु निरीक्षण गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्न खटी आएका कर्मचारीले दिएको म्यादभित्र निजले मागे बमोजिमको विदेशी विनिमयको सटही कारोबार सम्बन्धी आफ्नो जिम्मा वा नियन्त्रणमा रहेको सबै खाता, हिसाब किताब र लिखतहरु निज समक्ष दाखिला गर्नु र निजले मागे बमोजिमको त्यस्तो सटही कारोबार सम्बन्धी विवरण वा जानकारी दिनु प्रत्येक इजाजतपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ । इजाजतपत्र प्राप्त व्यक्ति कुनै फर्म, कम्पनी वा संस्था रहेछ भने त्यस्तो खाता, हिसाब किताब, लिखत, विवरण वा जानकारी सो कम्पनीको सञ्चालक वा सम्बन्धित पदाधिकारी वा सो कामसंग सम्बन्धित हिस्सेदार वा सम्बन्धित पदाधिकारीले दाखिला गर्नु वा दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निरीक्षण गर्न खटिएको कर्मचारीले कुनै इजाजतपत्र प्राप्त व्यक्ति वा निजको एजेण्टलाई वा इजाजतपत्र प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्था रहेछ भने त्यसको



६२४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सञ्चालक वा सम्बन्धित पदाधिकारीलाई लिखित वा मौखिक सोधपुछ गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम दाखिला गर्नु पर्ने खाता हिसाब किताब लिखत वा दिनु पर्ने कुनै विवरण वा जानकारी कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाका सञ्चालक वा पदाधिकारीले दाखिला नगरेमा वा नदिएमा वा निरीक्षण गर्न खटिएका कर्मचारीले माग गरेको कुनै प्रश्नको उत्तर नदिएमा यो ऐनको उल्लङ्घन गरेको मानिनेछ ।

(५) उपदफा (१) बमोजिम निरीक्षण गर्न खटिएका कर्मचारीले निरीक्षण गर्दा यस ऐन विपरीत कुनै विदेशी विनिमय वा सोसंग सम्बन्धित लिखत, हिसाब किताब, खाता वा विवरण फेला पारेमा त्यस्तो विदेशी विनिमय वा सोसंग सम्बन्धित लिखत, हिसाब किताब, खाता वा विवरण आफ्नो कब्जामा लिन वा कुनै सेफ वा कोठामा बन्द गरी सिलछाप लगाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम निरीक्षण गर्न खटिएको कर्मचारीले त्यस्तो विदेशी विनिमय वा लिखत आफ्नो कब्जामा लिंदा वा सिलछाप लगाउँदा सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्ति वा कम्तीमा दुईजना अन्य व्यक्तिहरु साक्षी राखी कब्जामा लिएका कुराहरुको विवरण तयार पारी साक्षीहरुको समेत सहिछाप गराउनु पर्नेछ ।"

२०. मूल ऐनको दफा १६ मा संशोधन : मूल ऐनको दफा १६ को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन् :-

"(३) उपदफा (१) बमोजिम खुलेका खाताको सञ्चालन तथा उपयोग बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) नेपाल अधिराज्यमा बसोबास गर्ने कुनै पनि नेपाली नागरिक वा नेपाल अधिराज्यमा दर्ता भएको कुनै पनि फर्म, कम्पनी वा संस्थाले नेपाल अधिराज्यभित्र विदेशी मुद्रामा खाता खोल्ने, सञ्चालन गर्ने र सोको उपयोगका सम्बन्धमा बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिए बमोजिम हुनेछ ।"

२१. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छ :-

"१७. दण्ड सजाय : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सो अन्तर्गत जारी भएको आदेश वा निर्देशन वा परिपत्र वा सूचना वा बैङ्कले तोकिदिएको कुनै प्रक्रिया विपरीत कुनै व्यक्तिले कुनै काम गरेमा सो काम गरे बापत भएको कसूरसंग सम्बन्धित विदेशी विनिमय जफत गरी त्यस्तो व्यक्तिलाई बिगो बमोजिमको जरिबानादेखि बिगोको तीन गुणासम्म थप जरिबाना हुनेछ ।

तर त्यस्तो कसूरसंग सम्बन्धित विदेशी विनिमय जफत गर्न नमिल्ने अवस्थाको कसूरहरुका सम्बन्धमा सो कसूरसंग सम्बन्धित विदेशी विनिमयको बिगो कायम गरी त्यसरी कायम हुन आएको बिगो बमोजिमको जरिबानादेखि बिगोको तीन गुणासम्म थप जरिबाना हुनेछ ।

(२) उपदफा (१) बमोजिम बिगो कायम गर्दा बिगोको रकम खुल्न वा खुलाउन नसकिने अवस्था आइपरेमा कसूरको मात्रा हेरी दुई लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) यस ऐन बमोजिमका काम कुराहरु गर्न, निरीक्षण गर्न तथा अनुसन्धानको निमित्त खटिएका कर्मचारीहरुले बदनियतपूर्ण कार्य गरी ऐनको उल्लङ्घन हुने कुनै कार्य गरेमा वा गोप्यता भङ्ग गरेमा त्यस्तो कार्य गर्ने कर्मचारीलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(४) यस ऐन बमोजिम सजाय हुने कसूर कुनै फर्म, कम्पनी, संस्था बाट भएकोमा सो कसूर हुँदाको बखत सो फर्म, कम्पनी, संस्थाको सो कसूरसंग सम्बन्धित कामको जिम्मा लिने सञ्चालक, पदाधिकारी, कर्मचारी वा एजेण्ट सजायको भागी हुनेछ ।

तर कसूर भएको कुरा त्यस्तो सञ्चालक, पदाधिकारी, कर्मचारी वा एजेण्टलाई जानकारी हुन सक्ने अवस्था नभएको वा त्यस्तो कसूर रोक्ने निजहरुले यथासम्भव प्रयास गरेको हो भन्ने कुराको प्रमाण पेश गर्न सकेमा निजहरुले यस उपदफा बमोजिम सजायको जवाफदेही वहन गर्नु पर्ने छैन ।

(५) दफा ८ बमोजिम पैठारीको सम्बन्धमा गर्नु पर्ने काम कुराहरु नगरी वा पुऱ्याउनु पर्ने प्रक्रियाहरु नपुऱ्याई वा अधिविजकीकरण गरी पैठारी गरेको वा निर्धारित अवधिभित्र मालसामान पैठारी नगरेको वा पैठारी गर्नु पर्ने मालसामान पैठारी नगरेको पैठारीकर्तालाई सम्बन्धित पैठारीको बिगो कायम गरी त्यसरी कायम हुन आएको बिगो बमोजिमको जरिबानादेखि बिगोको तीन गुणासम्म थप जरिबाना हुनेछ ।



6026

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) दफा ९क., ९ख. र ९ग. को विपरीत कसूर गर्ने निकासीकर्तालाई निकासी गरेको मालसामानको बिगो बमोजिमको जरिबानादेखि बिगोको दुई गुणासम्म थप जरिबाना हुनेछ ।

(७) उपदफा (५) र (६) बमोजिमका कसूर गर्न मतियार हुने वा मद्दत पुऱ्याउने व्यक्तिलाई उक्त उपदफाहरुमा उल्लिखित सजायको आधा सजाय हुनेछ ।

(८) यस दफा बमोजिम भएको जरिबानाको रकम भुक्तानी नगरेमा त्यस्ता व्यक्तिलाई जरिबानाको मात्रा अनुसार चार वर्षसम्म कैदको सजाय हुन सक्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी विनिमयसंग सम्बन्धित कसूरको बिगो रकम एक करोड रुपैयाँ वा सोभन्दा बढी भएमा त्यस्ता व्यक्तिलाई हुने अन्य सजायका अतिरिक्त तीन वर्षसम्मको कैद सजाय समेत थप हुनेछ ।

(१०) अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले पक्राउ गरेको व्यक्तिलाई र मुद्दाको सिलसिलामा सम्बन्धित अदालतले आरोपित व्यक्तिसंग कसूरको बिगो रकम एक लाख रुपैयाँसम्म भएका कसूरहरुको हकमा हाजिर जमानीमा र कसूरको बिगो रकम एक लाख रुपैयाँभन्दा बढी भएका कसूरहरुको हकमा कसूरको बिगो बमोजिम धरौटी लिई वा कसूरको मात्रा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम कायम गरिएको बिगो बमोजिमको धरौटी लिई तारेखमा राखी कारबाही चलाउन सक्नेछ ।

(११) कुनै पनि संवैधानिक निकायको प्रमुख वा सदस्य वा राजनीतिक नियुक्तिको पदमा बहाल रहेको कुनै व्यक्तिले यस ऐन बमोजिम कसूर हुने कुनै काम गरेमा त्यस्तो काम गर्ने अन्य व्यक्तिलाई हुने सजायको दोब्बर सजाय हुनेछ ।

तर कैद सजायको हकमा थप दुई वर्षभन्दा बढी सजाय हुने छैन ।

(१२) उपदफा (१) बमोजिम धरौटी दाखिला नगर्ने व्यक्तिलाई थुनामा राखी कारबाही चलाउनु पर्नेछ ।"

२२. मूल ऐनको दफा १८ख. मा संशोधन : मूल ऐनको दफा १८ख. को सट्टा देहायको दफा १८ख. राखिएको छ :-

"१८ख. विदेशी विनिमयसंग सम्बन्धित कागजातको प्रतिलिपि प्रमाणित गराउने : (१) यस ऐन बमोजिमको कसूरको सिलसिलामा कब्जामा लिइएको विदेशी विनिमय वा सोसंग सम्बन्धित विवरणलाई अनुसन्धान अधिकारीले प्रतिलिपि वा फोटाकपी बनाई प्रमाणित गराई राख्नु पर्नेछ ।"

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम प्रमाणित गराई राखेको विदेशी विनिमय वा सोसंग सम्बन्धित विवरणको प्रतिलिपि वा फोटोकपीलाई यस ऐन बमोजिमको कसूर सम्बन्धी मुद्दामा प्रमाण स्वरुप पेश गर्न सकिनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. रुपान्तर : मूल ऐनको ठाउँ ठाउँमा रहेका "सेक्यूरिटी" भन्ने शब्दहरुको सट्टा" धितोपत्र" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ ।

लालमोहर सदर मिति :- २०५९।४।२२।४

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार